# सरकार, सेना र तत्कालीन राजतन्त्र

विवेककुमार शाह

नेपाली सेनाको भूमिकाका सम्बन्धमा विश्लेषण गर्दा यसलाई अहिलेसम्म कुनै स्पष्ट राष्ट्रिय सुरक्षा नीतिविना नै राष्ट्रिय सेनाका रूपमा राखिएको पाइन्छ । २०१५ सालमा नेपाली काँग्रेसका नेता बीपी कोइरालाको नेतृत्वमा पहिलो जननिर्वाचित सरकार गठन भएपछि पनि सेनाका सम्बन्धमा राजदरबार र सरकारबीच कुनै किसिमको स्पष्ट अवधारणाविनै २०१६ सालमा सैनिक ऐन बन्न पुग्यो । तत्कालीन सरकारले सेनालाई आफ्नो अभिन्न अंगका रूपमा राख्न ऐन-कानुनको निर्माणमा विचार नपुऱ्याउँदा २०१७ सालमा राजा महेन्द्रले सेनाकै बल र सहयोगमा जननिर्वाचित सरकारलाई विस्थापित गरेको देखिन्छ ।

पञ्चायती व्यवस्थाको सुरूआतसँगै २०१९ सालमा नयाँ संविधान जारी भएपछि सरकार र सेना बेग्लाबेग्लै अंग भए तापनि दुवै संस्थाको नेतृत्व राजा महेन्द्रले लिएको हुनाले नागरिक-सैन्य सम्बन्धमा कुनै असहज स्थिति रहेको देखिँदैन । पञ्चायती व्यवस्थामा सेनाको प्रत्यक्ष राजनीतिक भूमिका थिएन तर उसले सो व्यवस्था टिकाउन अप्रत्यक्ष रूपबाट सबै किसिमको सहयोग गरेको थियो । यसै अवधिमा सेनालाई आधुनिकीकरण गर्न र व्यावसायिक बनाउन ध्यान दिइयो । तर देशको कमजोर आर्थिक अवस्थाले गर्दा सेनाका हातहतियार तथा 'लजिष्टिक सपोर्ट' भने आवश्यकताभन्दा निकै कम थिए ।

विगतमा नेपाली सेना भनेको राजाको सेना हो र राजाबाट सेनालाई हरेक किसिमले सहुलियत दिइएको छ भन्ने भावना जनमानस तथा राजनीतिज्ञहरूमा थियो, जुन तथ्य वास्तविकताभन्दा टाढा रहेको राजदरबारमा सैनिक सचिवका रूपमा काम गर्दाको मेरो अनुभव छ । यस्तो सोचाइ २०४६ सालको जनआन्दोलनपछि स्थापित बहुदलीय शासन व्यवस्थाभरि निकै गाढा रूपमा रह्यो । यसले गर्दा सेनालाई आवश्यक न्यूनतम पूर्वाधारको व्यवस्था गर्नुपर्ने काममा समेत कञ्जुस्याइँ गरियो ।

## २०४६ पछिका सरकार र नेपाली सेना

२०४६ सालको राजनीतिक परिवर्तन र त्यसअनुरूप नेपाल अधिराज्यको संविधान, २०४७ जारी भएपछि २०४८ सालमा सम्पन्न आमनिर्वाचनबाट बनेको नेपाली काँग्रेसको बहुमतको सरकारबाट तत्कालीन शाही नेपाली सेनामा धेरै सुधार होला भन्ने अपेक्षा राखिएको थियो । खास गरी २०१६ सालको सैनिक ऐनलाई समयसापेक्ष बनाउन र सुधार गर्न नितान्त आवश्यक थियो, तर नयाँ सरकारबाट यस सम्बन्धमा कुनै किसिमको पहल भएन ।

यहाँ स्मरणीय कुरा के छ भने नेपालको पहिलो जननिर्वाचित प्रधानमन्त्री बीपी कोइरालाले सेनालाई राजाको सेनाका रूपमा छाडेर ठूलो गल्ती भयो भन्ने कुरा आफ्नो आत्मवृत्तान्तमा समेत लेखेका छन् (शर्मा २०५५) । त्यस्तै नेपाली काँग्रेसका वरिष्ठ नेता गणेशमान सिंहले समेत अमेरिकाको न्यूयोर्कमा नेपालीहरूको एक भेलालाई सम्बोधन गर्ने क्रममा २०१६ सालमा सेनालाई सरकारको मातहत नल्याउँदा राजाले 'कू' गरे, अबको सरकारले शाही नेपाली सेनालाई पूरै सरकारको अन्तर्गतमा ल्याउनु पर्छ भन्ने विचार राखेका थिए । तर यी कुरालाई बीपी कोइरालाका भाइ प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको नेतृत्वमा २०४८ सालमा गठित काँग्रेस सरकारले कुनै ध्यान दिएन ।

सेनासँग सरकार प्रमुखका रूपमा प्रधानमन्त्री कोइरालाले जुन अन्तर्क्रिया र सहयोगको आदानप्रदान गर्नुपर्ने थियो, त्यस्तो कुनै प्रयास भएन । उनले तत्कालीन शाही नेपाली सेनालाई राजाकै सेनाको रूपमा छाडिदिए । कोइराला सरकार तथा अन्य राजनीतिक दलका नेताहरूले समेत सेनालाई 'यो राजाको सेना हो, हामीलाई काम छैन' भन्ने खालको सोचाइ राखेका थिए । साथै आफ्नो राजनीतिक अभिष्ट पूरा गर्न दैनिक रूपमा काम पर्ने, सहयोग लिनुपर्ने हिसाबले नेपाल प्रहरीलाई प्रोत्साहन गरियो । फलस्वरूप सेनाको बजेट कम गर्दै लगियो भने प्रहरीको बजेटमा व्यापक वृद्धि भयो । प्रहरीको काम तथा कर्तव्यभन्दा पर

सेनाले गर्ने काममा समेत त्यसलाई प्रयोग गर्ने-गराउने जमर्को गरियो । माओवादी द्वन्द्व सुरु भएपछि प्रहरीलाई हेलिकोप्टर गनसिप, अटोमटिक हतियार आदि उपलब्ध गराउने कोसिस भयो ।

जननिर्वाचित सरकारले नेपाली सेनालाई कानुनी हैसियतमै राजदरबारबाट प्रत्यक्ष रूपमा अलग गर्न प्रयास गरेन, न सेनासँगको सम्बन्धमा सुधार ल्याउने प्रयास गऱ्यो । त्यस्तै राष्ट्रिय सेनाको आवश्यकता र औचित्य बुझ्ने प्रयाससमेत भएन । पञ्चायतकालमा जस्तै रक्षा मन्त्रालयलाई राजदरबार र जंगी अड्डाको बीचमा केवल एउटा 'पोष्ट अफिस' का रूपमा राखियो । धेरैजसो समय प्रधानमन्त्रीले नै रक्षामन्त्रीको समेत कार्यभार सम्हालेको हुँदा रक्षा मन्त्रालयलाई पर्याप्त समय दिन नसकेको देखिन्छ । एकाध पटक रक्षा मन्त्रालयमा छुट्टै मन्त्री राखे तापनि मन्त्रीले नेपालको परिप्रेक्ष्यमा सेनाको संगठन, सुरक्षा अवधारणा, सेनाको सञ्चालन सम्बन्धमा सेनाको उच्च नेतृत्व तहसँग या दरबारसँग कुनै किसिमको अन्तर्क्रिया गरेनन् । राजनीतिक वृत्तमा रक्षामन्त्रीको पदलाई महत्त्वहीन रूपमा चित्रण गरियो जबकि अन्य मुलुकहरूमा रक्षामन्त्री हुनुलाई अत्यन्तै गहन जिम्मेवारी र सम्मानका रूपमा लिइन्छ ।

रक्षा मन्त्रालयमा अधिकांश समय मन्त्री नहुने, प्रधानमन्त्रीले नै त्यसलाई हेर्ने, रक्षा सचिवको नियुक्तिसमेत दरबारले चाहेको व्यक्तिमात्र हुने हुँदा त्यस मन्त्रालयको अवस्था तथा त्यहाँ कार्यरत कर्मचारीको मनोबल कहिले पनि उच्च हुन सकेन । रक्षा मन्त्रालयमा आफ्नो केही जिम्मेवारी नरहेको भन्ने खालको प्रवृत्ति थियो । जिम्मेवारी कसको हो त भन्दा त्यसको जवाफ दिन नसक्ने अवस्था थियो । कतिसम्म भने, रक्षा मन्त्रालयका लागि स्वीकृत गरिएको बजेटको रकम खर्च गर्न रक्षासचिव आफैंले सेना प्रमुखलाई अधिकार प्रत्यायोजन गर्ने जस्तो सिद्धान्ततः नमिल्ने कामसमेत त्यसबीच भए ।

राजदरबारस्थित सैनिक सचिवालयमा अनावश्यक रूपमा धेरै जिम्मेवारी थुपारिएजस्तो देखियो । त्यस्तै सैनिक मुख्यालयमा पनि राम्रो काम जति सेनाले गऱ्यो र नराम्रो जति दरबारको सैनिक सचिवालयबाट भएको हो भन्ने प्रवृत्ति थियो । नेपालको संविधान, २०४७ मा व्यवस्था भएअनुसार शाही नेपाली सेनाको सञ्चालन सम्बन्धमा राष्ट्रिय सुरक्षा परिषद् सञ्चालनका लागि आवश्यक कार्यविधिसमेत तयार नगर्ने र रक्षा मन्त्रालय, शाही नेपाली सेनालाई पञ्चायती शैलीमै चल्न दिने, अनि सेनाले 'यसो गरेन, उसो गरेन, सहयोग गरेन' भनेर आरोप मात्रै लगाउने प्रवृत्ति नेताहरूमा बढेर गयो । पञ्चायत व्यवस्थामा सेनाका अधिकृतलाई राजनीतिज्ञ, सञ्चारकर्मी र विदेशीहरूसँग अन्तर्क्रिया गर्न प्रोत्साहन

गरिंदैन थियो । यस्तो संस्कारबाट हुर्केका सेनाका उच्च अधिकृतलाई नयाँ राजनीतिक परिवेशमा तुरुन्तै परिवर्तन गराउन कठिन थियो । नेताहरूबाट समेत यो पर्खाल भत्काउन उत्सुकता देखाइएन । यसरी एक अर्काप्रतिको पुरानो विश्वासको संकट कायमै रहन पुग्यो ।

त्यस्तो अविश्वासको पर्खाल भत्काउन त्यसवेला भएको एउटा सानो प्रयासको सन्दर्भ जोड्न चाहन्छु । राजा वीरेन्द्रबाट सरकार र सेनाबीच सुमधुर सम्बन्ध हुनुपर्छ भन्ने भनाइ प्रधानमन्त्रीसमक्ष राखेको सैनिक सचिवका रूपमा राजदरबारमा छँदा मैले धेरैपटक सुनेको छु । राजाबाट बारम्बार प्रधानमन्त्री, प्रधानसेनापति र मलाईसमेत राष्ट्रिय सुरक्षा परिषद्लाई सक्रिय तुल्याउन निर्देशन हुन्थ्यो । राष्ट्रिय सुरक्षा परिषद्ले राष्ट्रिय सुरक्षाका विविध आयामबारे अध्ययन-विश्लेषण गर्न र त्यस्ता विषयमा प्रधानमन्त्रीलाई सुझाव दिन सक्छ । सेनाको सञ्चालन, सुधार र तत्कालीन आवश्यकताबारे प्रधानमन्त्रीलाई जानकारी गराउन सक्छ । साथै प्रधानमन्त्रीलाई सेनाको क्षमताबारे जानकारी गराएर आवश्यकताअनुसार परिचालनका लागि सुझाव दिन सक्छ । प्रधानमन्त्रीले चाहेका सुरक्षा तथा गुप्त सूचनासम्बन्धी सबै विषयवस्तुमा सुरक्षा परिषद्बाट आवश्यक परामर्श लिन सक्छन् भन्ने धारणा थियो ।

यस्तै परिवेशमा राजा वीरेन्द्रको समेत असामयिक निधन हुन पुग्यो । नागरिक सरकार र सेनाको सम्बन्धमा कुनै पनि सुधार आउन सकेन । सरकार र सेनाबीचको विश्वासको संकटका कारण २०५२ फागुन १ गतेबाट सुरु भएको नेकपा (माओवादी) को 'जनयुद्ध' लाई नियन्त्रण गर्ने काममा समेत यसको प्रत्यक्ष प्रभाव परेको स्पष्ट देखिन्छ ।

## माओवादी 'जनयुद्ध' र नेपाली सेना

माओवादीले 'जनयुद्ध' थाल्दा उनीहरूको लडाकु संख्या ज्यादै न्यून थियो । र, त्यो विद्रोह केही जिल्लामा मात्र सीमित थियो । तत्कालीन सरकारले यसलाई निकै हल्का रूपमा लिएर प्रहरी परिचालनबाटै समस्याको समाधान गर्न सकिन्छ भन्ने विश्लेषण गर्दै कारबाही अगाडि बढाएको थियो । यस सम्बन्धमा राष्ट्रिय सुरक्षाका हिसाबले महत्त्वपूर्ण निकाय शाही नेपाली सेनासँग कुनै अन्तर्क्रिया गरिएन । राष्ट्रिय सुरक्षा परिषद्को सचिवालयको गठन हुन नसक्दा सबै सुरक्षा अंगका प्रतिनिधिहरू एकै ठाउँमा बसी सुरक्षासम्बन्धी छलफल गर्ने थलोसमेत भएन । त्यसवेला राज्यका सुरक्षा निकायहरूबीच आवश्यक सूचनाको आदानप्रदान

समेत हुन नसक्ने अवस्था थियो, जसले गर्दा सुरक्षा निकायमा हुनुपर्ने सहयोग र सद्भावमा कमी देखियो ।

प्रहरीसँग खासै समन्वय नभएकाले माओवादी विद्रोहलाई सेनाले आफ्नै ढंगबाट नियालिरहेको थियो । माओवादीका कारबाहीहरू र प्रहरीका प्रति-कारबाहीलाई समेत निगरानी राखिरहेको थियो । 'जनयुद्ध' अगाडि बढ्दै जाँदा र प्रहरीका हातहतियारसमेत माओवादीले लुट्न थालेपछि सेनाले राजदरबार, तत्कालीन सरकार प्रमुखलाई माओवादी विद्रोहबारे समस्या र समाधानका लागि सुझावहरू दिन थाल्यो ।

प्रधानसेनापति धर्मपालवरसिंह थापाको कार्यकालमा, २०५४ सालमा, सेनाले माओवादी विद्रोहबारे आन्तरिक मूल्यांकन गरी 'यो समस्या नेपाल प्रहरीको कारबाहीले मात्र समाधान हुन सक्दैन, यस्ता विद्रोहहरू सामाजिक आर्थिक कारणहरूले हुने हुँदा माओवादी प्रभावित क्षेत्रहरूमा आन्तरिक सुरक्षा र विकास कार्यक्रम (आइएसडीपी) सहित अगाडि बढ्नुपर्छ' भनेर तत्कालीन सरकारलाई विभिन्न चरणमा सुझाव दिएको थियो । साथै राष्ट्रिय सुरक्षा परिषद् सचिवालय स्थापना गर्ने कार्यविधिसमेत तयार पारेर कार्यान्वयनका लागि प्रधानमन्त्रीलाई दिइएको थियो । उक्त सेनाले दिएको सुझावलाई निकै वर्षसम्म त्यसै थन्काएर राखियो । आफ्नो सुझावसमेत समावेश गरिएको आइएसडीपी कार्यक्रम कार्यान्वयन गराउन राजा वीरेन्द्रले पटक-पटक प्रधानमन्त्रीहरूसँग कुरा गरेका थिए ।

माओवादीले एकपछि अर्को सफलता प्राप्त गर्दै जानु, नेपाल प्रहरीको मनोबल घट्नु र सरकारले सेनाको सुझाव नलिनु आदि कारणहरूले गर्दा 'जनयुद्ध' बाट सिर्जित समस्याबारे तत्कालीन सरकारले गम्भीर विश्लेषण गर्न सकेन । दिन प्रतिदिन समस्या जटिल हुँदै गयो र माओवादीले आफ्नो क्षमता अभिवृद्धि गर्दै लगे । यसैक्रममा २०५७ असोज महिनासम्म आइपुग्दा उनीहरूले डोल्पा जिल्लाको सदरमुकाम दुनैमा आक्रमण गर्ने हैसियत बनाइसकेका थिए । माओवादीको दुनै आक्रमणपछि राजा वीरेन्द्रलाई उक्त घटनाक्रम जाहेर गर्न प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला नागार्जुन बंगला पुगेका थिए । प्रधानमन्त्रीको जाहेरीपछि राजाबाट माओवादीहरू दुनैको आसपासका डाँडाहरूमा हुनसक्ने र उनीहरूलाई डाँडामै फेला पार्न सक्ने सम्भावना रहेको हुँदा सेनासँग परामर्श गरेर सैनिक परिचालन गर्न उपयुक्त हुने सुझाव आएको थियो । त्यसअनुसार प्रधानमन्त्रीले तत्कालै प्रधानसेनापति प्रज्वल्लशमशेर जबरासँग कुरा गरेपछि सेनाको एउटा रेकी टिम पठाइयो । तर काठमाडौंबाट सेनाको टिम सुर्खेत पुगेर त्यहाँका बाहिनीपतिलाई लिएर दुनै पुग्दासम्म माओवादीहरू दुनैको वरिपरि भेटिने सम्भावना थिएन । त्यस्तो अवस्थामा सेना परिचालन गरेर कारबाही अगाडि बढाएको भए पनि

निरर्थक हुने थियो । किनभने सेनासँग रहेका हेलिकोप्टरबाट त्यति टाढा रहेका सैनिकलाई त्यहाँ पुऱ्याउन दूरी र समयका हिसाबले कठिन थियो । तर यसै घटनालाई लिएर तत्कालीन गृहमन्त्री गोविन्दराज जोशी, प्रहरी महानिरीक्षक अच्युतकृष्ण खरेलसहित प्रधानमन्त्रीबाट समेत सेनाको भूमिकाबारे आपत्तिजनक अभिव्यक्तिहरू आए । गृहमन्त्री जोशी, गृहसचिव पद्मप्रसाद पोखरेल र प्रहरी महानिरीक्षक खरेलले नेपाली सेनाबारे आपत्तिजनक प्रतिक्रिया दिएपछि सेनाले समेत तत्काले प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालालाई भेटी उक्त भनाइबारे प्रतिक्रिया जनाएको थियो । यसरी सरकार र सेनाबीच झनै सम्बन्ध चिसो हुन पुग्यो । अन्ततः गृहमन्त्री जोशी, गृहसचिव पोखरेल र प्रहरी महानिरीक्षक खरेललाई हटाइयो । त्यसलगत्तै सरकार र सेनाबीच बिग्रेको सम्बन्ध सुधार गर्ने उद्देश्यले प्रधानमन्त्री कोइरालाले रक्षामन्त्रीमा महेश आचार्यलाई नियुक्त गरे ।

सरकार र सेनाबीच लगातार दूरी बढ्नुमा सरकारले सेनाको सम्बन्धमा कहिल्यै बुझ्ने प्रयास नगर्नु नै प्रमुख कारण हो । साथै सरकारले सेनाको क्षमता आकलन गर्न नसक्नु, सेनाले गर्ने कारबाही र त्यसको प्रक्रियाबारे सामान्य जानकारीसमेत नहुनु, सेनासँग रहेको 'लजिष्टिक सपोर्ट' का साधनहरूबारे जानकारी नलिनु पनि सम्बन्ध जटिल हुँदै जानुको थप कारण थिए । त्यस्तो अवस्थामा प्रधानमन्त्रीलगायत अन्य मन्त्रीहरू समेतले 'सेनाले सहयोग गरेन', 'सेना परिचालन भएन' भनी टीकाटिप्पणी गर्नु सुहाउने कुरा थिएन ।

दुनै प्रकरणपछि प्रधानमन्त्री कोइरालाले गृहमन्त्री गोविन्दराज जोशी र प्रहरी महानिरीक्षक अच्युतकृष्ण खरेलको राजीनामा माग्ने तथा गृहसचिव पद्मप्रसाद पोखरेललाई सरुवा गर्न लागेको कुरा राजा वीरेन्द्रलाई जाहेर गरे । उक्त विषयहरू निर्णयार्थ मन्त्रिपरिषद्मा लैजानुपूर्व प्रहरी महानिरीक्षक खरेलले प्रधानमन्त्रीकै समक्ष सरकारको तीव्र विरोध गरेका थिए । उनले आफूलाई कुनै देशको राजदूत बनाउने भए राजीनामा दिने, नत्र नदिने अडानसमेत राखेका थिए । त्यसवेला सरकारले प्रहरीलाई कतिसम्म शक्तिशाली बनाएको रहेछ भन्ने त्यो घटनाबाट देखियो । अन्ततः प्रहरी महानिरीक्षकको राजीनामा स्वीकृत गर्नुअघि नै सरकारले उनलाई म्यान्मारको राजदूत बनाउने निधो गऱ्यो ।[१]

दुनै घटनाक्रमपछि माओवादी समस्या झनै जटिल बन्दै गएको र माओवादीको शक्ति बढ्दै गएको परिप्रेक्ष्यमा नेपाल प्रहरीबाट मात्र समस्याको समाधान हुन

---

१ सरकारले खरेललाई बर्माका निम्ति राजदूत प्रस्ताव गरेको थियो तर दरबारको अस्वीकृतिका कारण त्यो कार्यान्वयन हुन सकेन ।

सक्ने स्थिति नरहेको र कुनै न कुनै किसिमबाट सेना परिचालन गर्न नितान्त आवश्यक भएको सरकारलाई महसुस हुन पुगेको देखिन्छ । सेनालाई माओवादीविरुद्ध कारबाहीमा प्रत्यक्ष परिचालन गर्नुभन्दा पहिले उसैले तयार पारेर सरकारलाई बुझाएको आन्तरिक सुरक्षा तथा विकास योजना (आइएसडीपी) लागु गर्दा राम्रो हुने सुझावअनुसार उक्त योजना परीक्षणका रूपमा तत्कालै गोरखा जिल्लामा लागु गर्ने र त्यसपछि क्रमिक रूपमा रुकुम, रोल्पा, जाजरकोट, प्युठानलगायत माओवादी अति प्रभावित सात जिल्लामा उक्त योजना कार्यान्वयन गर्ने सहमति २०५७ चैतमा नारायणहिटी दरबारमा भएको बृहत् बैठकमा भयो । उक्त बैठकमा राजा वीरेन्द्रका साथै, प्रधानमन्त्री, गृहमन्त्री, रक्षामन्त्री, अर्थमन्त्री, स्थानीय विकासमन्त्री, सञ्चारमन्त्री एवं सुरक्षा निकायका प्रमुखहरू र सम्बन्धित अधिकृतहरूको उपस्थिति थियो । आर्थिक विकासका कार्यक्रमसहित माओवादीविरुद्ध सेना परिचालित भयो । यसपछि सरकार र सेनाबीचको सम्बन्ध केही हदसम्म सुधार हुने अपेक्षा गरिएको थियो । यस घटनालाई समेत नागरिक-सैनिक सम्बन्धको महत्त्वपूर्ण कडीका रूपमा लिइन्छ ।

गोरखा जिल्लामा आइएसडीपी कार्यक्रम लागु भएपछि नेपाली सेनाले आफ्नोतर्फबाट गर्नुपर्ने सबै योजना तदारुकताका साथ अगाडि बढाए तापनि अन्य निकायबाट अपेक्षित सहयोग पाउन सकेन । आवश्यकताअनुरूपको बजेटसमेत निकासा हुन सकेन । योजनालाई बृहत् रूपमा सञ्चालन गरी अन्य जिल्लामा पनि क्रमिक रूपमा लागु गर्न सकिएन । यस्तै अवस्थामा २०५८ जेठ १९ गते राजदरबार हत्याकाण्ड हुन पुग्यो । केही समय देशमा असहज र असामान्य स्थिति सिर्जना हुन पुग्यो ।

दरबार हत्याकाण्डको छानबिन गर्न तत्कालीन प्रधानन्यायाधीशको अध्यक्षतामा गठित उच्चस्तरीय छानबिन आयोगमा प्रधानसेनापति प्रज्वल्लशमशेर जबराले बयान दिने क्रममा 'राजदरबारको सुरक्षाको जिम्मेवारी शाही नेपाली सेनाको होइन' भन्ने बताएपछि तत्कालीन सरकार, नागरिक समाज र सञ्चारमाध्यममा समेत ठूलो भ्रम सिर्जना भयो । धेरै नेता तथा बुद्धिजीवी वर्गबाट आफ्ना परमाधिपति राजालाई बचाउन नसक्ने सेनाको के काम, यसले देश र जनतालाई कसरी बचाउला भन्ने तर्क गरियो । राजदरबार हत्याकाण्डबारे धेरै टीकाटिप्पणी भइसकेका छन् र भइरहनेछन् । उच्चस्तरीय छानबिन आयोगले हत्याकाण्डको घटनालाई बाहिर ल्याए पनि हत्याकाण्ड हुनुमा विस्तृत अध्ययन-अनुसन्धान गरेको देखिँदैन । हत्याकाण्ड किन हुन गयो ? यसमा कुनै राजनीतिक षड्यन्त्र थियो या थिएन ? यो अहिलेसम्म पनि अस्पष्ट छ ।

राजा वीरेन्द्रको वंशनाशपछि नयाँ राजा स्थापित गर्नु र देशमा सामान्य अवस्था सिर्जना गर्नु ठूलो चुनौती थियो । माथि उल्लेख गरिएजस्तै माओवादीको सैन्य शक्ति बढ्दै गइरहेको थियो । नेपालको राजनीतिक अवस्था अस्थिर बन्दै गइरहेको थियो । सरकार परिवर्तनका क्रमहरू जारी थिए । यसै परिप्रेक्ष्यमा २०५८ साउनको पहिलो साता माओवादीले रोल्पाको होलेरीस्थित प्रहरी इकाइमा आक्रमण गरी त्यहाँ रहेका ६९ प्रहरीलाई बन्धक बनाएर नुवागाउँतिर लिएर गएको खबर आयो । त्यो सुन्नासाथ प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले तत्कालै सेना परिचालन गर्न र प्रहरीको उद्धार गरी माओवादीविरूद्ध कारबाही गर्न प्रधानसेनापति प्रज्वल्लशमशेर जबरालाई आदेश दिए । जंगी अड्डाले सुर्खेतस्थित नं. ४ बाहिनीलाई अवगत गराई तुरून्त सैनिक कारबाही गरी प्रहरीलाई मुक्त गर्न आदेश दियो । नं. ४ बाहिनीले माग गरेअनुसार काठमाडौंबाट हेलिकोप्टर र अन्य सैनिक सहायता उपलब्ध गराइयो । बाहिनीपति सहायकरथी बज्र गुरूङले माओवादीहरू जान सक्ने सम्भावित स्थान रोल्पाको नुवागाउँमा सैनिक टुकडी पठाए । माओवादी भाग्नसक्ने सम्भावित नाकामा सेनाका केही थप टुकडी परिचालन गरिए । काठमाडौंमा उपलब्ध तीनओटा हेलिकोप्टरलाई दाङ पठाइयो ।

वर्षादको समय, पहाडी इलाकाको मौसम क्रमशः खराब हुँदै थियो । सैनिक ओसार्ने केही हेलिकोप्टरको केही उडानपछि डाँडामा लुकेर बसेका माओवादीले गोली चलाउँदा एउटा हेलिकोप्टरलाई लाग्न गई दाङ ब्यारेकमा आपतकालीन अवतरण गर्नु परेको थियो । अन्य दुई हेलिकोप्टरको समेत यही हालत भयो र दाङमा अवतरण गराइयो । मौसम अत्यन्तै खराब भयो । अन्य केही उपायबाट सैनिक परिचालन गर्न नसकिने अवस्था भयो । माओवादीहरू नुवागाउँतिर बढ्दै थिए । त्यहाँ हेलिकोप्टरबाट पुर्‍याइएको सानो सैनिक टोली पनि असुरक्षित हुन सक्ने स्थिति सिर्जना भयो । नुवागाउँमा रहेको सेनाको सानो टुकडीले बुद्धिमतापूर्वक काम गरी आफूलाई सुरक्षित राख्न सफल भयो । यस्तै अवस्थामा उक्त टोलीलाई समेत उद्धार गर्नुपर्ने अवस्था सिर्जना भयो । सल्यानबाट पैदल थप फौज पठाई नुवागाउँस्थित टुकडीलाई बचाउन सकियो । नुवागाउँतिर बढिरहेका माओवादीहरू आफ्नो निर्धारित कार्यक्रम बदली अपहरित प्रहरीलाई समेत साथै लिई रोल्पाको विभिन्न स्थानमा तितरबितर भए । मौसमको प्रतिकूलता, हेलिकोप्टरको अभाव र पहाडी भू-भागले गर्दा प्रहरीलाई उद्धार गर्ने सैनिक अभियान आफ्नै सानो सैनिक टुकडीलाई उद्धार गर्नमा सीमित हुन पुग्यो ।

यता सिंहदरबारमा चाहिं प्रधानमन्त्री कोइरालाले दुनै घटनाको पुनरावृत्ति हुन पुगेको भन्दै कडा धारणा राख्न थाले । 'सेनाले सहयोग गरेन, सरकारको आदेश

पालना गरेन' भन्ने प्रतिक्रिया दिए । साथै सञ्चारमाध्यमहरूले समेत सेनाविरूद्ध समाचार प्रवाह गरिरहे । माथि उल्लेख गरिएजस्तै नागरिक सरकारका अगुवाहरूले सेनाको क्षमता तथा कारबाही गर्ने तरिकाबारे कुनै जानकारी नराखेको हुँदा अविश्वासको खाडल घट्नुको सट्टा झन् बढ्दै गयो । यसै परिप्रेक्ष्यमा तत्कालीन काँग्रेस सरकार आन्तरिक कारणले गर्दा परिवर्तनको सँघारमा पुगिसकेको थियो । गिरिजाप्रसाद कोइराला पार्टीको आन्तरिक कलहका कारण प्रधानमन्त्री पदबाट हट्न बाध्य भए पनि सेनासँगको सम्बन्ध नराम्रो भएको भन्दै राजीनामाको कारण देखाए । काँग्रेसका अर्का नेता शेरबहादुर देउवा प्रधानमन्त्री भएपछि देशमा शान्ति बहाली गर्ने प्रयासस्वरूप माओवादीसँग शान्ति वार्तासमेत सुरु भयो । २०५८ साउनबाट मंसिरसम्म तीन चरणमा भएको वार्ता असफल भएपछि माओवादीले सेनासँग युद्ध प्रारम्भ गरे ।

देशमा राजनीतिक अन्योल बढिरहेको समयमा माओवादीले पहिलोपटक २०५८ मंसिरमा नेपाली सेनाविरूद्ध शक्ति प्रदर्शन गर्दै दाङस्थित सैनिक गुल्ममा आक्रमण गरी धेरै हातहतियार लुटेर लैजान सफल भएका थिए । मुलुकमा राजनीतिक तरलता बढ्दै गएको अवस्थामा माओवादीको सैनिक ब्यारेकमाथिको आक्रमणले देशमा झनै भयावह स्थिति पैदा गऱ्यो । नेपाली सेनासँगको परामर्शपछि प्रधानमन्त्री शेरबहादुर देउवा नेतृत्वको गठबन्धन सरकारले मुलुकमा संकटकाल लागु गरी पहिलोपल्ट माओवादीविरूद्ध सेना परिचालन गर्ने निर्णय गऱ्यो । साथै राष्ट्रिय सुरक्षा परिषद्को अवधारणाअनुरूप राष्ट्रिय सुरक्षा परिषद् सचिवालयसमेत गठन गरियो । २०४७ सालको संविधान लागु भएपछि सैनिक ऐनको आवश्यकताअनुसार परिमार्जन गरेर सुरक्षा परिषद् सचिवालय स्थापना गरिसक्नुपर्ने थियो ।

यसअघि सेना परिचालनका सम्बन्धमा जब-जब बहस चल्थ्यो, जंगी अड्डाको धारणा के हुन्थ्यो भने, सेना परिचालन हुनुअघि राजनीतिक सहमति कायम हुनुपर्छ र राष्ट्रिय सुरक्षा परिषद्को निर्णय आवश्यक हुन्छ । तर यसअघिका सरकारहरूले सेना परिचालन सम्बन्धमा कहिल्यै कुनै राजनीतिक सहमति जुटाउन सकेनन् न राष्ट्रिय सुरक्षा परिषद्को निर्णय गराउने प्रक्रियातर्फ लागे । बरु नेपाल प्रहरीलाई अनावश्यक स्रोत-साधन थप्दै प्रहरीबाटै समस्याको समाधान गर्नेतर्फ लागे । सेनालाई जहिले पनि प्रहरीलाई परिचालन गरेजस्तै सीधै आदेशको भरमा सञ्चालन गर्न चाहेका कारण सरकार र सैनिक मुख्यालयबीच विवाद हुने गर्थ्यो ।

सेना र प्रहरीबीच सन्तुलन कायम गर्न त्यसबीच एउटा अर्धसैन्य बल पनि स्थापना गर्न आवश्यक महसुस गरियो । त्यसवेला नेपाल प्रहरीको संगठन

स्थानीय प्रशासनिक इकाइसँग मिलेरसमेत काम गर्नुपर्ने र स्थानीय तवरमै 'कमाण्ड कन्ट्रोल' हुनुपर्ने भए तापनि त्यो केन्द्रीकृत भई ठूलो संगठन बन्दै गइरहेको थियो । अन्य देशहरूमा समेत प्रहरी स्थानीय सरकार वा निकायकै अधीनमा हुन्छ । तर नेपालमा केन्द्रीकृत हुँदा कार्य सम्पादन गर्न असजिलो भएको र संगठन ज्यादै ठूलो हुने देखिएकाले प्रहरीमा रहेको हतियारधारी निकायलाई छुट्टै संगठन निर्माण गरी अर्ध सैनिक प्रकृतिको भूमिकामा राख्ने सोचाइ सरकारले पहिलेदेखि नै बनाइरहेको थियो । विभिन्न कारणवश २०५७ माघमा आएर मात्र सशस्त्र प्रहरी बलको स्थापना भयो । यो विषयलाई पनि विभिन्न माध्यमबाट सरकारले सेना परिचालन गर्न नसक्दा विकल्पको रूपमा माओवादीसँग लड्न सशस्त्र प्रहरी बल गठन गरेको भन्ने भ्रमसमेत सिर्जना गरियो । सशस्त्र प्रहरी बलको काम, कर्तव्य र अधिकार हेर्दा यसको स्थापनाको उद्देश्य बेग्लै रहेको प्रस्ट हुन्छ ।

२०५८ सालमा माओवादीविरूद्ध परिचालित भएपछि नेपाली सेनाले सरकार, नागरिक समाज, सञ्चार माध्यमका साथै सर्वसाधारणलाई आफ्नो क्रियाकलापबारे सूचना प्रवाह गर्न र जनसम्पर्क अभिवृद्धि गर्न शाही जंगी अड्डामा पहिलोपटक सैनिक जनसम्पर्क निर्देशनालय स्थापना गर्‍यो । सेनाले सैनिक कारबाहीको सिलसिलामा सकेसम्म कम क्षति पुर्‍याई माओवादीमाथि दबाब सिर्जना गरी वार्तामा ल्याउने उद्देश्यले आफ्ना कार्यक्रमहरू सञ्चालन गर्‍यो । साथै सरकार, नागरिक समाज, सञ्चार माध्यम तथा आम नागरिकबाट समेत सहयोगको अपेक्षा राख्यो ।

तीव्र राजनीतिक अस्थिरता, राजनीतिक दलहरूको दिशाहीन, नीतिहीन तर सरकारविरूद्धको आन्दोलनले गर्दा दलहरूबाट माओवादीविरूद्ध परिचालित शाही नेपाली सेनालाई कुनै किसिमको सहयोग भएन । यस्तै अवस्थामा प्रधानमन्त्री शेरबहादुर देउवाको सिफारिसमा २०५९ जेठमा राजा ज्ञानेन्द्रबाट प्रतिनिधिसभा भंग गरी नयाँ प्रतिनिधिसभाको निर्वाचनको मिति घोषणा भयो । तर देशको सुरक्षाको स्थितिमा अपेक्षित सुधार आउन नसकेको लगायत कारण देखाई प्रधानमन्त्री देउवाले निर्धारित समयमा प्रतिनिधिसभाको निर्वाचन हुन नसक्ने भन्दै निर्वाचनको मिति सार्न सिफारिस गरे । राजा ज्ञानेन्द्रले प्रधानमन्त्रीको सिफारिस नमानी २०४७ सालको संविधानमा रहेको धारा १२७ को अधिकार प्रयोग गरी २०५९ असोज १८ गते जननिर्वाचित प्रधानमन्त्रीलाई अपदस्थ गरे । यसबाट राजा, सेना र राजनीतिक दलहरूबीचको सम्बन्ध झनै जटिल बन्न पुग्यो । शाही नेपाली सेना माओवादी, नागरिक समाज, राजनीतिक दलहरू तथा सञ्चारमाध्यमको तारो बन्न पुग्यो ।

सेनाले माओवादी विद्रोहलाई पूर्ण परास्त गर्न नसके पनि माओवादी प्रभाव बढ्न नदिन सफल भएको थियो । यसै परिप्रेक्ष्यमा लोकेन्द्रबहादुर चन्दको प्रधानमन्त्रीत्वमा गठित सरकारले २०५९ माघमा माओवादीसँग दोस्रोपटक शान्ति प्रयास थाल्यो । तर वार्ता भइरहेकै अवस्थामा सरकारको नेतृत्व परिवर्तन हुँदा (नयाँ प्रधानमन्त्री सूर्यबहादुर थापा) शान्तिवार्ता भंग हुन पुग्यो । राजा ज्ञानेन्द्रले पुनः शेरबहादुर देउवालाई प्रधानमन्त्रीमा नियुक्त गरे तर पछि २०६१ माघ १९ गते सम्पूर्ण शासनसत्ता आफ्नो हातमा लिए । त्यसपछि त सेना झनै एक्लियो । उसले कुनै पनि राजनीतिक शक्ति र कुनै पनि मित्रराष्ट्रबाट प्रत्यक्ष सहयोग पाउन सकेन । यसै परिवेशमा संसदीय राजनीतिक दलका नेता र नेकपा माओवादीका नेताहरूबीच गोप्य रूपमा देश-विदेशमा सम्पर्क स्थापना हुन पुग्यो । राजा र शाही नेपाली सेनाविरूद्ध संयुक्त मोर्चा बनाउने बाटो खुल्यो । राजा र राजसंस्थाविरूद्ध राजनीतिक दलहरू र माओवादीको संयुक्त जनआन्दोलन सुरु भयो ।

जनआन्दोलन सफल भई राजाको सक्रिय शासन व्यवस्थाको अन्त्यपछि पुनःस्थापित प्रतिनिधिसभाको २०६३ जेठको घोषणाले शाही नेपाली सेनाको नाम बदल्दै त्यसलाई नेपाली सेनामा रूपान्तरण गर्‍यो ।

## राजा, सरकार र सेनाबीचको सम्बन्ध

नेपाल राज्यको एकीकरण अभियानदेखि नै नेपाली सेनाको परमाधिपतिका हैसियतमा राजाले शाही नेपाली सेनाको नेतृत्व लिएको देखिन्छ । राजाको सक्रिय नेतृत्वमा शाही नेपाली सेनाको आधुनिकीकरण, विस्तार, सुदृढीकरण र व्यवसायीकरण हुँदै आएको हो । राजाबाट सेनाको अभिभावकको भूमिकासमेत निर्वाह भएको परिप्रेक्ष्यमा राजाबाट चालिएका कतिपय कदमहरूमा सेनाको राम्रैसँग साथ र सहयोग रहेको देखिन्छ । २०१६ सालको सैनिक ऐनबमोजिम नै शाही नेपाली सेनाका उच्च अधिकृतको बढुवा, सरूवा र पदोन्नतिका साथै प्रभावशाली नियन्त्रण हुन्थ्यो । त्यसअनुसार सेनाले गर्ने हरेक महत्त्वपूर्ण कार्यहरू राजाबाट स्वीकृत हुने परम्परा थियो ।

२०४७ सालको संविधानमा प्रधानमन्त्रीको सिफारिसमा प्रधानसेनापतिको नियुक्ति राजाबाट हुने व्यवस्था भए तापनि नाम चयन गर्दा राजाबाट पूर्वस्वीकृति लिनु पर्थ्यो । त्यस्तै अन्य वरिष्ठ अधिकृतहरूको समेत सरूवा, बढुवा सरकारले गर्ने भनिए पनि राजाको पूर्वस्वीकृति लिनैपर्ने प्रचलन थियो । उदाहरणका लागि, तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले २०५० सालमा शाही नेपाली सेनामा दुई रथीको दरबन्दी थप गरी पदोन्नतिको स्वीकृतिका लागि दरबारमा नाम पठाए ।

राजा वीरेन्द्रलाई यो कुरा पहिले जाहेर भएको थिएन । त्यसैले स्वीकृति प्राप्त भएन र उक्त रिक्त दरबन्दीमा पदोन्नति हुन सकेन । यसरी राजदरबारले सेनामाथि नियन्त्रण कायम गरेको थियो । यस्तै कारणहरूले गर्दा राजनीतिक नेताहरूमा शाही नेपाली सेना भनेको राजाको निजी सेना हो भन्ने छाप थियो ।

राजा र शाही नेपाली सेनाबीच पुलको भूमिकाको काम दरबारस्थित प्रमुख सैनिक सचिवालयले गर्थ्यो । सेनासम्बन्धी कुनै पनि योजना राजाको स्वीकृतिका लागि प्रधानसेनापतिबाट लिखित या मौखिक रूपमा सैनिक सचिवलाई जानकारी गराइन्थ्यो । साथै समय-समयमा प्रधानसेनापतिलाई राजाबाट जाहेरीको समय मिलाउने कामसमेत सैनिक सचिवालयमार्फत हुन्थ्यो । राजा र प्रधानसेनापतिको छलफलमा समेत सैनिक सचिवको उपस्थिति हुन्थ्यो । धेरैजसो समयमा सैनिक सचिवालय र प्रधानसेनापतिबीच राम्रो समन्वय र सहकार्य हुन्थ्यो । सैनिक सचिवालयमा अन्य सुरक्षा निकायहरूबाट समेत खबरहरू प्राप्त हुने हुँदा उक्त खबरहरू राजामा जाहेर गरी राजाबाट प्राप्त केही निर्देशनहरू सैनिक सचिवालयले प्रधानसेनापतिलाई दिने गर्थ्यो । साथै सैनिक सचिवालयले अन्य सुरक्षा अंगका प्रमुखहरू बीचमा समन्वयकारी भूमिकासमेत निर्वाह गर्थ्यो ।

२०६२-६३ सालमा सम्पन्न दोस्रो जनआन्दोलनपछि पुनःस्थापित प्रतिनिधिसभाले नयाँ राजनीतिक परिवेशअनुसार शाही नेपाली सेनालाई नेपाली सेनामा परिणत गऱ्यो भने राजदरबारमा रहेको सैनिक सचिवालय खारेज गऱ्यो । यसले राजा र सेनाबीचको सम्बन्ध पूरै विच्छेद गऱ्यो । त्यसको कार्यान्वयनका लागि २०१६ सालमा जारी भएको सैनिक ऐनलाई नयाँ परिवेशअनुसार परिवर्तन गरी २०६३ सालमा जारी गरियो । फलस्वरूप २०६३ भदौमा रिक्त भएको प्रधानसेनापति पदमा प्रधानमन्त्री तथा कार्यवाहक राष्ट्रप्रमुखको हैसियतमा गिरिजाप्रसाद कोइरालाले प्रधानसेनापति रूक्मांगद कटवाललाई नियुक्त गरी सपथ ग्रहण गराए । यहीँबाट परम्परादेखि कायम रहेको राजा र नेपाली सेनाबीचको सम्बन्ध औपचारिक रूपमा टुट्यो ।

अन्तरिम संविधान, २०६३ ले नेपाली सेनाको परिचालन सम्बन्धमा राजाको कुनै पनि भूमिका नहुने व्यवस्था गऱ्यो । उक्त संविधानमा राजाको अन्य भूमिकालाई काट्दा र संविधानसभाको पहिलो बैठकले २०६३ जेठमा राजसंस्था खारेज गर्ने निर्णय गर्दासमेत नेपाली सेनाबाट कुनै किसिमको प्रतिक्रिया आएन । संविधानसभा निर्वाचनपछि माओवादी नेतृत्वको सरकारको कार्यकालमा सरकार र सेनाबीच भएका असमझदारी र अन्य क्रियाकलाप केलाएर हेर्दा नेपाली सेना राजदरबारबाट नियन्त्रित र निर्देशित हुँदासम्म दलीय प्रभावबाट टाढा र 'कमाण्ड-कन्ट्रोल'का हिसाबले चुस्त र दुरूस्त थियो भन्न सकिन्छ ।

## परिवर्तित परिवेश र नेपाली सेना

२०६२-६३ सालको जनआन्दोलनपछि तीन वर्षसम्म विस्तृत शान्ति सम्झौताअनुसार माओवादी सेनाको समायोजन हुन नसकेको, माओवादी छापामार विभिन्न अस्थायी शिविरमा रहेको, संयुक्त राष्ट्र संघीय मिसन 'अनमिन' को रेखदेख कायम रहेको, शान्ति सुरक्षाको स्थिति कमजोर हुँदै गएको र यी सबै कारणले देश संक्रमणकालबाट गुज्रिरहेको अवस्था छ । विगतमा एकआपसमा संघर्ष गरेका नेपाली सेना र माओवादी सेनाबीच पहिलेदेखि नै शत्रुतापूर्ण सम्बन्ध छ । यस्तो अवस्थामा यी दुई सेनाबीच आपसी सद्भाव तथा मेलमिलापसम्बन्धी खासै अन्तर्क्रिया भएको देखिँदैन ।

संविधानसभामा ल्याएको मत र पाएको सिट संख्यालाई लिएर नेकपा माओवादीले 'बुलेट र ब्यालेट' दुवैमा सफलता हासिल गरेको आभास दिन खोज्यो । अर्कातिर यथास्थितिवादी सोच रहेका राजनीतिक दलहरूले माओवादी संविधानसभामा स्पष्ट बहुमत नल्याई ठूलो दलका रूपमा मात्र स्थापित भएको तर्क गरेर अन्य दलहरूको गठबन्धनलाई बहुमत हुने तर्क गरे । यसैको परिणामस्वरूप संविधानसभामा सबैभन्दा ठूलो दलको हैसियत पाए पनि माओवादीलाई सरकारमा जान हम्मेहम्मे पर्‍यो । प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले आफ्नै नेतृत्वको सरकारलाई निरन्तरता दिन चाहेको बताइए पनि अन्ततः नेकपा माओवादीलाई सत्ता हस्तान्तरण गरे ।

नेपाली सेनाले राजसंस्थाको अन्त्यपछि आफैंले राष्ट्रिय एकता र राष्ट्रिय अखण्डताको जगेर्ना गर्ने तथा सेनाकै कारणले माओवादीले सत्ता कब्जा गर्न नसकेको भन्ने धारणा बनाएको देखिन्छ । साथै सेनाले 'माओवादीसँगको लडाइँमा आफूले नहारेको, तर राजनीतिक नेतृत्वले माओवादीसँग हारेका कारण अहिलेको अवस्था सिर्जना हुन पुगेको, सेना अहिले पनि एकताबद्ध, सुसंगठित र एक ढिक्का रहेको' विश्लेषणसमेत गर्ने गरेको पाइन्छ । यसबीच सरोकारवाला व्यक्ति एवं संस्थाहरूबीच अन्तर्क्रिया, सहयोग र सद्भावको पनि कमी रह्यो । यस्तो परिस्थितिमा माओवादीको नेतृत्वमा गठित सरकार राजनीतिक खिचातानी र पारस्परिक असमझदारीबाट गुज्रिरहेको थियो । वास्तवमा माओवादी नेतृत्वको सरकार गठन भएदेखि नै सरकार र नेपाली सेनाबीचको सम्बन्ध विभिन्न कारणले सुमधुर हुन सकेको थिएन । यद्यपि, अन्तरिम सरकारको समयदेखि नै नेपाली सेनाको तर्फबाट प्रधानसेनापति रूक्मांगद कटवालले 'नेपाली सेना प्रजातान्त्रिक हिसाबले जननिर्वाचित सरकारको आदेश पालना गर्छ' भन्दै आएका थिए ।

नागरिक सरकार र सेनाबीचको सम्बन्धमा सुधार हुन नसक्नुमा माओवादी र सेना दुवै पक्षबाट परिवर्तनलाई आत्मसात् गर्न नसकेको देखिन्छ । सरकारको नेतृत्व गरेका हैसियतले प्रधानमन्त्री पुष्पकमल दाहालले उदार भएर सेनाको मन जित्ने काम गर्नुपर्ने थियो । सेना समायोजनसम्बन्धी वातावरण तयार पार्ने जिम्मेवारी पनि उनकै थियो । त्यस्तै नेपाली सेनाको नेतृत्व गरिरहेका प्रधानसेनापति रूक्मांगद कटवालले परिवर्तनलाई आत्मसात् गरी आफूलाई समयसापेक्ष बनाउन आवश्यक थियो । र, जननिर्वाचित सरकारको आदेश पालना गर्नुपर्थ्यो ।

नागरिक सरकार र सेनाबीच सम्बन्ध सुधारका लागि अन्तर्क्रिया पनि एकदमै आवश्यक थियो । माओवादी नौलो परिवेशबाट आएको हुनाले सेनाबाट आउने कतिपय सुझावलाई उसले सुन्नु र कार्यान्वयन गर्नुपर्थ्यो । तर दुर्भाग्यवश यसो हुन सकेन । राजसंस्थाको अन्त्यपछि परिवर्तित सेनालाई राष्ट्रिय सेनाको रूपमा सरकार तथा सबै राजनीतिक दलहरूले आत्मसात् गर्नुपर्थ्यो । तर केही राजनीतिक दल र नेताहरूले नेपाली सेनाबारे संकीर्ण धारणा राख्न पुगे । यसैको परिणामस्वरूप नागरिक सरकार र सेना आ-आफ्नो बाटोमा लम्केको देखिन्छ । साथै पहिले राजा र सेना एकतिर, माओवादी र अन्य दल अर्कातिर भएजस्तै पछिल्लो समयमा माओवादी एकतिर, अन्य दलहरू र सेना अर्कातिर ध्रुवीकृत हुँदै गएको देखिन्छ ।

गठबन्धन सरकारको नेतृत्व गरेको नेकपा माओवादीले आफ्नो दलको नीति तथा कार्यक्रम जबर्जस्ती कार्यान्वयन गर्न खोज्नु, अन्य दलहरूले माओवादीले सर्वसत्तावाद लाद्न खोज्यो भनी विरोध गर्नु र महत्त्वपूर्ण कडीका रूपमा रहेको सेना समायोजनसम्बन्धी विषयतर्फ कसैको ध्यान नजानु साथै संविधान निर्माणको कार्यलाई महत्त्व नदिनुले एकपछि अर्को जटिलता थपिँदै गएको देखिन्छ । गठबन्धन दलको असहयोग हुँदाहुँदै मन्त्रिपरिषद्ले प्रधानसेनापतिलाई बर्खास्त गर्नु र अन्य राजनीतिक दलहरूले राष्ट्रपतिलाई संविधानविपरीत उक्त निर्णय कार्यान्वयन नगर्न उक्साउनु तथा राष्ट्रपतिले अन्य विकल्पको विचार नगरी कार्यकारी राष्ट्रपतिझैं गरी प्रधानसेनापतिलाई थमौतीको पत्र दिनुजस्ता कुराले देशमा संवैधानिक संकट गहिरिएर गएको देखिन्छ । यसै विषयलाई लिएर माओवादी सत्ताच्युत भयो ।

नेकपा-एमालेका नेता माधवकुमार नेपालको नेतृत्वमा २०६६ सालमा गठबन्धन सरकार स्थापित हुनुपछाडि राजनीतिक कारण थियो या सैनिक भन्ने इतिहासले निर्क्योल गर्नेछ । प्रजातान्त्रिक मुलुकहरूमा सेना जहिले पनि जननिर्वाचित सरकारको मातहत रहनुपर्नेमा नेपालमा चाहिं विगतका केही राजनीतिक घटनाक्रमले

अन्यथा भएको स्पष्ट देखिन्छ । यद्यपि, नागरिक सर्वोच्चताको विषयलाई कसैले पनि चुनौती दिने गरेको पाइँदैन । संकटकालीन अवस्थाले गर्दा वा राजनीतिक खिचातानी र दलगत स्वार्थका कारण मूल काम जानी-नजानी 'नागरिक आवरणमा सैनिक सर्वोच्चताको अभ्यास' भएजस्तो देखिन्छ ।

नयाँ संविधान निर्माण गर्ने क्रममा उठेका विषयहरू जस्तै केन्द्रीकृत राज्य प्रणालीबाट संघीय संरचनामा प्रवेश गर्दा आउन सक्ने सम्भावित खतराहरूबारे साथै क्षेत्रीयता, जातीयताका नाराहरूले निम्त्याउन सक्ने चुनौतीहरूप्रति सबै राजनीतिक दलहरू संवेदनशील हुन आवश्यक छ । यस अवस्थामा सबैले व्यक्तिगत, दलगत स्वार्थभन्दा माथि उठेर देश र जनताको हितमा काम गर्नुपर्छ । समस्या विकराल हुँदै गएमा देशको स्वतन्त्र अस्तित्व रक्षाका लागि नेपाली सेनालाई सबैले सहयोग र समर्थन गर्नुपर्ने हुनसक्छ । यदि मुलुकमा राजनीतिक नेतृत्वले सम्हाल्न नसक्ने गरी विकराल अवस्था सिर्जना हुन पुगेमा स्वभाविक रूपले यो सम्हाल्ने जिम्मेवारी नेपाली सेनाकै हुन आउँछ । यसका लागि सेना सक्षम र सबल रहन आवश्यक छ ।

## निष्कर्ष

देशमा सबैले खोजेको शान्ति र प्रगति नै हो । यसका लागि राजनीतिक नेतृत्वले सबै जातजाति, भाषाभाषी, साथै राष्ट्रका समग्र संस्थाहरूको साथ लिनुपर्ने हुन्छ । शान्ति प्रक्रियालाई स्वाभाविक निष्कर्षमा पुऱ्याउनु र नयाँ संविधान निर्माण गर्नु सबैभन्दा ठूलो चुनौती भएकाले सरकारले सहकार्य, सहमति, आपसी एकता कायम गरी अगाडि बढ्नुको विकल्प छैन । यस परिप्रेक्ष्यमा राजनीतिक नेतृत्वले सेना देशको महत्त्वपूर्ण र गरिमामय संस्था हो भन्ने बुझ्नुपर्छ ।

निश्चय पनि सेना सरकारमातहतको एक महत्त्वपूर्ण अंग हो । यो देश र जनताको रक्षाका खातिर देशको सार्वभौमसत्ता र राष्ट्रिय अखण्डताको रक्षाको लागि सधैं तत्पर रहने संस्था हो । सरकारले राष्ट्रिय सुरक्षा अवधारणाअनुरूप सेनाको ऐन-कानुन, नीति-नियमहरू बनाएर सेनालाई विशुद्ध व्यावसायिक र अराजनीतिक संगठनको रूपमा विकास गर्नुपर्ने हुन्छ । यसलाई मुलुकको आर्थिक हैसियतअनुसार हातहतियार तथा अन्य उपकरणबाट सुसज्जित पार्नुपर्छ ।

सेनासँग रहेको अनुशासित जनशक्तिलाई हाम्रोजस्तो गरिब राष्ट्रको प्रगतिमा लगाउन सक्नुपर्छ । शान्ति सुरक्षासँग सम्बन्धित विषयहरूमा मात्र नभएर राष्ट्रिय सुरक्षासम्बन्धी संवेदनशील विषयहरूमा नेपाली सेनाको आफ्नै किसिमको लामो

अनुभव छ । देश-विदेशमा निर्वाह गरिरहेको भूमिकाबाट समेत सेना क्रमशः अनुभवी बनिरहेको छ । देशको राष्ट्रिय सुरक्षाको हिसाबले मात्र होइन, भौगोलिक सुरक्षा, आर्थिक सुरक्षा, वातावरणीय सुरक्षाजस्ता क्षेत्रमा समेत सेनालाई जिम्मेवारीपूर्वक काममा लगाउन सक्नु पर्छ । सेनालाई देशको आर्थिक स्रोतसाधनले भ्याएसम्म व्यावसायिक र सबल पार्दै लैजानु प्रजातान्त्रिक सरकारहरूको कर्तव्य हुन आउँछ । सेनाले पनि सरकारलाई आवश्यकताअनुसार सरसल्लाह र सुझाव दिन सक्नुपर्छ । र सेना प्रजातान्त्रिक हिसाबले जननिर्वाचित सरकारमातहतको एक अनुशासित र संवेदनशील अंग हो भन्ने बुझ्नुपर्छ ।

देशमा विद्यमान अवस्थालाई विचार गर्दा नयाँ नेपाल बनाउन आपसमा रहेका राग-द्वेष र पुराना तीता प्रसंगहरू बिर्सेर सबै पक्ष आपसी सद्भाव र समझदारीको बिन्दुमा पुग्नु अनिवार्य हुन्छ । सबै पक्षले देश र जनताको बृहत्तर हितका लागि एक आपसमा सहयोगी भावना बढाउनु उचित हुन्छ । प्रजातान्त्रिक नागरिक सरकारले सेनालाई विसंगति र विकृतिबाट टाढै राखेर पारदर्शी र उत्तरदायीपूर्ण चरित्रको संस्था बनाउन सक्नुपर्छ । माओवादी छापामारहरूलाई कहाँ, कसरी समायोजन गर्ने भन्ने बारे राजनीतिक नेतृत्वले बडो सुझबुझका साथ निर्णय लिनु उपयुक्त हुन्छ । यसबाट पर्न जाने दीर्घकालीन असरबारे अहिले नै राम्ररी विचार-विमर्श गर्नु जरूरी छ । नयाँ संविधानमा राष्ट्रिय सुरक्षा नीति अवधारणाअनुरूप देशमा के-कस्तो सेना आवश्यक पर्छ ? सेनाको संरचना कस्तो हुनुपर्छ ? सेनाको परिचालन र सञ्चालनबारे विगतका अनुभवलाई समेत ध्यान दिई कस्तो प्रावधान बनाउने ? आदि विषयमा अहिले नै स्पष्ट रूपमा गम्भीर रूपले विचार पुऱ्याउनुपर्ने हुन्छ । यसै सन्दर्भमा सैनिक शक्तिलाई आर्थिक शक्तिले विस्थापित गरिरहेको विश्व परिवेशलाई हाम्रो जस्तो देशले ध्यान दिन जरूरी छ ।